# स्थानीय राजपत्र

## बुंगल नगरपालिकाद्वारा प्रकाशित

**खण्ड १० संख्या १७ मिति २०८३ श्रावण १ गते**


**भाग १**

## बुंगल नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

**संवत् २०८३ को ऐन नं १७**

# <u>संस्था तथा समूह दर्ता ऐन, २०८३</u>

**<u>प्रस्तावनाः</u>** बुंगल नगरपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक, सांस्कृतिक तथा विकासात्मक कार्यमा संलग्न समूह तथा संस्थाहरूको गठन, दर्ता, सञ्चालन र नियमनलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा (४) खण्ड (ठ) ले प्रदान गरेको अधिकार कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस ऐनको नाम **"संस्था तथा समूह दर्ता ऐन, २०८३"** रहनेछ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "ऐन" भन्नाले बुंगल नगरपालिकाको सम्झनु पर्छ।

(ख) "कार्य समिति" भन्नाले यस ऐन बमोजिम गठन भएका संस्थाको विधान अनुसार गठन भएको कार्यसमिति समिति सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले बुंगल नगर कार्यपालिका भन्ने सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "विधान" भन्नाले यो ऐन अनुसार स्थापित हुने संस्थाको विधान भन्ने सम्झनु पर्छ।

बुंगल नगरपालिका

(च) “संस्था” भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघसंस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ।

(छ) “स्थानीय अधिकारी” भन्नाले नगरपालिकाले तोकिदिएको अधिकारी सम्झनु पर्छ र त्यसरी अधिकारी नतोकिएकोमा प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

## परिच्छेद -२

## संघ संस्था दर्ता तथा नविकरण

३. **संस्थाको गठनः** (१) कुनै सामाजिक, परोपकारी, शैक्षिक, सांस्कृतिक, वातावरणीय, खेलकुद, स्वास्थ्य, मानव सेवा वा सार्वजनिक हितका उद्देश्यहरू प्राप्त गर्न इच्छुक व्यक्तिहरूले यस ऐन बमोजिम संस्था गठन गर्न सक्नेछन्।

(२) संस्था गठन गर्दा कम्तीमा सात जना र बढीमा पन्ध्र जना व्यक्तिहरू रहनु पर्नेछ।

४. **विधान बनाउनु पर्नेः** (१) संस्था गठन गर्न चाहने व्यक्तिहरूले संस्थाको उद्देश्य, संरचना, सदस्यता, कार्यसमिति, अधिकार तथा कर्तव्य, आर्थिक व्यवस्थापन, लेखापरीक्षण, साधारण सभा,

संशोधन तथा विघटनसम्बन्धी व्यवस्था समेटिएको विधान तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विधान प्रचलित कानुन तथा नगरपालिकाले तोकेको ढाँचाअनुसार हुनु पर्नेछ।

(३) नगरपालिकाको नीति, योजना र प्राथमिकता तथा प्रचलित कानुनको प्रतिकूल हुने संस्थाको विधान बनाउन पाईने छैन।

(४) विधानमा गरिने कुनै पनि संशोधन यस ऐन बमोजिम नगरपालिकाको स्वीकृत भएपछि मात्र लागू हुनेछ।

**५.** **संस्था दर्ता** : (१) संस्था गठन गरेपछि यस ऐन बमोजिम दर्ता नगरी नगरपालिका क्षेत्रभित्र कुनै पनि संस्था सञ्चालन गर्न पाउने छैन।

(२) संस्था दर्ताका लागि तोकिएको ढाँचामा निवेदन, विधानको एक प्रति, आवश्यक कागजात तथा तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसूची १ को ढाँचाम निवेदन पेश गर्नु पर्नेछ।

(३) निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा नगर कार्यपालिकाबाट निर्णय गराई संस्था दर्ता गरी अनुसूची २ को ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गर्नेछ।

(४) संविधान तथा प्रचलित कानुनले निषेध गरेका उद्देश्य भएका संस्थाहरू दर्ता गरिने छैनन्।

**६.** **संगठित संस्था मानिने**: (१) यस ऐन बमोजिम दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित तथा संगठित संस्था हुनेछ।

(२) संस्थाको प्रतीक चिन्हको रुपमा छुट्टै छाप रहनेछ।

(३) संस्थाले व्यक्ति सरह चल तथा अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न तथा प्रचलित कानुनबमोजिम बिक्री वितरण गर्न सक्नेछ।

(४) संस्थाले व्यक्ति सरह आफ्नै नामबाट नालिस उजुर गर्न सक्नेछ र सोही नामबाट नालिस उजुर लाग्नेछ।

७. **नविकरण गर्नु पर्ने** :(१) यस ऐन बमोजिम दर्ता भएका संस्थाहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएको दस्तुर र वार्षिक प्रगति प्रतिवेदन सहित नविकरणका लागि स्थानीय अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी स्थानीय अधिकारीले संस्था नविकरण गरिदिनु पर्नेछ।

(३) नविकरण नगरेमा संस्थाको कार्यानुमति, सुविधा वा सहकार्यमा प्रतिबन्ध लगाउन सकिनेछ।

८. **कार्यानुमति लिनु पर्ने** : (१) यस ऐन प्रारम्भ हुनुभन्दा अघि वा अन्यत्र दर्ता भई यस नगरपालिका क्षेत्रमा कार्य गर्न चाहने संस्थाहरूले स्थानीय अधिकारीबाट कार्यानुमति प्रमाणपत्र लिनु पर्नेछ।

(२) कार्यानुमतिका लागि तोकिएको ढाँचामा निवेदन, संस्था दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, प्रस्तावित कार्यक्रमको विवरण तथा तोकिएको दस्तुर संलग्न गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यानुमति प्रमाणपत्र प्राप्त गरेपछि मात्र त्यस्तो संस्थाले नगरपालिका क्षेत्रभित्र कार्य गर्न पाउनेछ।

## परिच्छेद ३

## समूह सूचिकरण तथा नियमन सम्बन्धी व्यवस्था

८. **समुदायमा समूह गठन** : (१) समुदायको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, वातावरणीय वा अन्य सामुदायिक विकासका उद्देश्य पूरा गर्न स्थानीय बासिन्दाहरूले समुदायस्तरमा समूह गठन गर्न सक्नेछन्।

(२) यस्तो समूहको गठन प्रचलित कानुन तथा नगरपालिकाको नीति, योजना र निर्देशनको प्रतिकूल हुने छैन।

९. **समूह सूचिकृत गर्नु पर्ने** :(१) दफा ८ बमोजिम समुदायमा गठन भएका सबै समूहहरूले आफ्नो कार्य सञ्चालन गर्नु अघि सम्बन्धित वडा कार्यालयमा सूचिकृत हुनु पर्नेछ।

(२) समूह सूचिकरणका लागि समूहको नाम, उद्देश्य, सदस्य विवरण, कार्यसमिति तथा सम्पर्क ठेगाना सहित अनुसूची -३ बमोजिमको निवेदन वडा कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) वडा कार्यालयले आवश्यक जाँचबुझ गरी समूहलाई सूचिकृत गरी अनुसूची ४ को ढाँचामा प्रमाण पत्र जारी गरी अभिलेख कायम गर्नेछ।

१०. **बचत तथा ऋण परिचालन सम्बन्धी व्यवस्था** : (१) समूहले सामाजिक कार्य, सामुदायिक विकास तथा आपसी सहयोगका लागि बचत संकलन गर्न सक्नेछ।

(२) समूह आफैले ऋण परिचालन गर्न पाउने छैन।

(३) समूहले ऋण परिचालन गर्नु पर्ने भएमा प्रचलित कानुनबमोजिम सहकारी वा बित्तीय संस्थामा आवद्ध भई सोही सहकारी मार्फत मात्र ऋण परिचालन गर्नुपर्नेछ।

११. **खाता तथा कागजात जाँचबुझ गर्न सक्ने** :(१) समूहको कार्य सञ्चालन, बचत व्यवस्थापन तथा अभिलेखको पारदर्शिता सुनिश्चित

गर्न नगरपालिका वा वडा कार्यालयले जुनसुकै समयमा समूहको खाता, कागजात तथा अभिलेख जाँचबुझ गर्न सक्नेछ।

(२) समूहले माग गरेबमोजिम सम्बन्धित कागजात तथा विवरण उपलब्ध गराउनु पर्नेछ।

१२. **निर्देशन दिन सक्ने**ः (१) समूहको कार्य सञ्चालनमा कुनै कमजोरी, अनियमितता वा प्रचलित कानुन विपरीतको कार्य देखिएमा नगरपालिका वा वडा कार्यालयले आवश्यक निर्देशन वा कुनै कार्य नगर्न चेतावनी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समूहको कर्तव्य हुनेछ।

१३. **बचत हिनामिना भएको अवस्थामा छानबिन तथा असूली** : (१) कुनैपनि समूहको बचत रकम वा सम्पत्तिमा हिनामिना, दुरुपयोग वा अनियमितता भएको उजुरी परेमा नगरपालिकाले आवश्यक छानबिन गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको छानबिनबाट हिनामिना भएको पुष्टि भएमा नगरपालिकाले सम्बन्धित व्यक्ति वा पदाधिकारीलाई हिनामिना भएको रकम वा सो बराबरको मूल्य असूल उपर गर्न आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम असूली हुन नसकेको अवस्थामा प्रचलित कानुनबमोजिम अन्य कारबाही प्रक्रिया अघि बढाउन सकिनेछ।

## परिच्छेद -४

## संस्थाको सम्पत्ति तथा हिसाव सम्बन्धी व्यवस्था

१४. **संस्थाको सम्पत्ति**ः (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय

अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राखेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्ति कानुनी उपचारमा जान सक्नेछ।

१५. **<u>हिसाबको विवरण पठाउनु पर्ने</u>**: कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण, लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नविकरण गर्दा सम्वन्धित वडाको सिफारिस सहित नगरपालिकालाई बुझाउनु पर्नेछ।

१६. **<u>हिसाब जाँच गर्ने</u>**: (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्था तथा समूहको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्धारा जाँच गराउन सक्नेछ।

(२) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(३) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ।

तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद ५

## दण्डनीय कार्य र जरिवाना

१७. **दण्डनीय कार्यः** कसैले पनि निम्न कार्य गर्नु हुँदैन;

(क) दर्ता वा कार्यानुमति बिना संस्था/समूह सञ्चालन गर्ने,

(ख) संस्थाको विधान वा नगरपालिका/वडाको निर्देशनको अवज्ञा गर्ने,

(ग) हिसाब, कागजात, लेखापरीक्षकको प्रतिवेदन नबुझाउने वा झूटो विवरण पेश गर्ने,

(घ) दफा १२ बमोजिम दिएको निर्देशनको उलंघन गर्ने,

(ङ) संविधान वा कानुनले निषेध गरेका उद्देश्यमा संस्था/समूह सञ्चालन गर्ने र

(च) ऐनको विपरित हुने गरी अन्य कुनै कार्य गर्ने।

१८. **जरिवानाः** (१) कसैले दफा १७ मा उल्लिखित कार्य गरेमा स्थानीय अधिकारीले कसूरको गम्भीरता र परिणामको आधारमा रु. एक हजार देखि रु.दस हजारसम्म जरिवाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको जरिवान सँगसंगै यदि कुनै हिनामिना वा आर्थिक क्षति भएको पुष्टि भएमा, नगरपालिकाले सम्बन्धित व्यक्ति वा पदाधिकारीलाई सो रकम असूल गराउनेछ।

(३) जरिवाना र क्षतिपूर्ति नबुझाएमा प्रचलित कानुन अनुसार थप कारबाही अघि बढाइनेछ।

१९. **संस्था खारेज गर्न सक्नेः** (१) यस ऐन बमोजिम स्थापना भएको कुनै संस्था यस ऐनबमोजिम लगातार तीन पटकसम्म नवीकरण नगरेमा वा यस ऐन तथा ऐन अन्तर्गत बनेका नियम, कार्यविधि वा निर्देशन विपरीत सञ्चालन भएमा नगर कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी त्यस्तो संस्था विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संस्था विघटन गर्नु अघि सम्बन्धित संस्थालाई आफ्नो सफाइ पेश गर्ने यथोचित अवसर प्रदान गर्नुपर्नेछ।

२०. **पुनरावेदनः** दफा १८ र १९ बमोजिमको निर्णयमा चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा संस्थाले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद ६

## बिबिध

२१. **समन्वयमा कार्य गर्नु पर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएका संघ संस्था वा नगरपालिकामा कार्यक्षेत्र बनाई प्रदेश तथा संघीय निकायमा दर्ता भएका गैरसरकारी संघ संस्था संस्थाले नगरपालिकाको समन्वयमा रही कार्य गर्नु पर्नेछ।

तर, कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाले नगरपालिकासँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकासँग समन्वय गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) नगरपालिकासँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने,

(ख) आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट नगरपालिकालाई उपलब्ध गराउने, र

(ग) नगरपालिकाले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने।

(३) संघ संस्थाको समन्वय तथा परिचालन सम्बन्धी अन्य कार्यीबिधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

२२. **संस्थाको विघटन र त्यसको परिणामः** (१) यस ऐन बमोजिम गठित संस्थाले आफ्नो विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्नेछ।

२३. **अनुगमन गर्नेः** (१) संस्था तथा समूहको अनुगमन नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा सम्बन्धित संस्थाको प्रतिनिधि तथा सम्बन्धित बिषय बिज्ञ समेतलाई अनुगमन टोलीमा संलग्न गराईनेछ।

२४. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनका लागि नगर कार्यपालिका आवश्यक नियम बनाउन सक्नेछ।

२५. **कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले कार्यविधि, नियमावली, मापदण्ड बनाई लागु गर्न सक्नेछ।

बुंगल नगरपालिका

अनुसूची -१

*(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)*

**संस्था दर्ताको लागि दिइने निवेदन**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

बुंगल नगर कार्यपालिकाको कार्यालय,

बझाङ्ग

**विषयः संस्था दर्ता गरिदिने बारे।**

यस बुंगल नगरपालिकाको **संस्था तथा समूह दर्ता ऐन, २०८२** को दफा ५ (२) बमोजिम देहायको संस्था दर्ता गरी पाउन वडा समितिको सिफारिस, प्रारम्भिक भेलाको उपस्थिति तथा निर्णयको एक प्रति र संस्थाको विधान एक प्रति संलग्न गरी संस्था दर्ताका लागि यो निवेदन पेश गरेका छौं।

**तपसिल**

संस्थाको प्रस्तवित नामः **......................................**

ठेगानाः **...................................**

**निवेदक**,

क्र. सं. तर्दथ समितिका सदस्यको नाम पद दस्तखत

१.

४.

५.

मितिः—...........................

अनुसूची २

*(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)*

**संघ संस्था दर्ता प्रमाण पत्रको नमुना**

**बुंगल नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

बझाङ्ग

**संस्था दर्ता प्रमाण—पत्र**

दर्ता नं...... मितिः .............

बुंगल नगरपालिका वडा नं...... स्थित..........................................मा स्थापना भएको........................................................संस्थालाई यस नगर कार्यपालिकाको मिति..............................को निर्णय अनुसार बुंगल नगरपालिकाको **संस्था तथा समूह दर्ता ऐन, २०८२ को** दफा ५ उपदफा (३) बमोजिम दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

साथै यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा संस्थाको सकृय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

...................................

प्रमुख प्रशासकीय अधिकृत

बुंगल नगरपालिका

अनुसूची -३

*(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)*

**समूह सूचिकरणको लागि दिइने निवेदन**

मितिः.....................

श्री वडा अध्यक्ष ज्यू

...नं. वडा कार्यालय,

बुंगल नगरपालिका, बझाङ्ग

**विषयः समूह सूचिकरण गरिदिने बारे।**

यस बुंगल नगरपालिकाको **संस्था तथा समूह दर्ता ऐन, २०८२ को** दफा ९ (२) बमोजिम हामी तपसिलका व्यक्तिहरुले देहायको समूह गठन गरी समूह सूचिकरणका लागि यो निवेदन पेश गरेका छौं।

(क) प्रस्तावित समूहको नामः

(ख) समूहका प्रमुख उद्देश्यहरुः

- 
- 

(ग) समूहको कार्यक्षेत्रः

(घ) समूहका प्रमुख कार्यहरुः

- 
- 

(ङ) कार्य समितिको कार्यकालः *(कार्य समितिको कार्यकाल बढिमा २ बर्ष भन्दा बढि हुनु हुदैन)*

(च) **समूहको कार्य समिति र सदस्यहरुको विवरण**

| क्र स | नामथर | पद | बाबु वा पतिको नाम | नागरिकता नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

बुंगल नगरपालिका

अनुसूची ५

*(दफा ९ को उपदफा ३ सँग सम्बन्धित)*

**समूह दर्ता प्रमाण पत्रको नमुना**

**बुंगल नगरपालिका**

**.... वडा समितिको कार्यालय**

**बुंगल नगरपालिका, बझाङ्ग**

**समूह सूचिकरण प्रमाणपत्र**

दर्ता नं...... मितिः .............

बुंगल नगरपालिका वडा नं...... स्थित..............................................मा स्थापना भएको......................................................समूहलाई यस वडा कार्यालयको मिति.......................को निर्णय अनुसार बुंगल नगरपालिकाको **संस्था तथा समूह दर्ता ऐन, २०८२** दफा ९ उपदफा (३) बमोजिम सूचिकरण गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

समूदायको सशक्तिकरण र विकासका क्षेत्रमा समूहको सकृय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

......... ...........

वडा सचिव वडा अध्यक्ष

**आज्ञाले**

अम्मर राज जोशी

प्रमुख प्रशासकीय अधिकृत



बुंगल नगरपालिका